वर्ष ३ अंक ३२

# कृषि-मौसम सल्लाह सेवा बुलेटिन

जारी मितिः ०८ मंसिर २०७४

अवधीः ०८ मंसिर २०७४— १४ मंसिर २०७४

जिल्लाहरुः झापा, मोरङ्ग, संखुवासभा, धनकुटा, सुनसरी, सप्तरी, सिराहा, दोलखा, महोत्तरी, काभ्रेपलाञ्चोक, बारा, धादिङ, चितवन, कास्की, मुस्ताङ्ग, पाल्पा, रुपन्देही, रुकुम, दाङ्ग, बाँके, सुर्खेत, जुम्ला, कैलाली, डोटी, दार्चुला

**जारी गर्नेः**

कृषि विकास मन्त्रालय- जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन सूचना प्रणाली)

नेपाल कृषि अनुसन्धान परिषद्-कृषि वातावरण अनुसन्धान महाशाखा

जल तथा मौसम विज्ञान विभाग – मौसम पूर्वानुमान महाशाखा/ कृषि-मौसम शाखा

## मौसमी सारांशः

- साताको सुरुमा सबै जिल्लाहरुमा सामान्यतया मौसम सफा रहेता पनि पहाडी तथा हिमाली भेगका जिल्लाहरुमा मध्य तथा अन्ततिर सामान्य बदली भई एक-दुई स्थानमा फाटफुट बर्षा हुने संभावना छ भने उच्च पहाडी तथा हिमाली क्षेत्रको केहि भेगमा हल्का खालको हिमपात हुने देखिन्छ।

## बालीनाली सारांशः

- धानको बीउ भण्डारणको लागि सुपर व्यागको प्रयोग गर्नु उपयुक्त हुन्छ। सुपर व्याग उपलब्ध नभएको अवस्थामा चिस्यान कम गराउन धानलाई ३-४ दिन घाममा राम्ररी सुकाएर हावा नछिर्ने भाँडो (मेटल बिन, भकारी) मा सेलफस २-३ चक्की प्रति टनका दरले प्रयोग गरि भण्डारण गर्नुपर्दछ।
- गहुँ लगाउने समय भएकोले तराई र भित्रि मधेशका लागी सिफारिस गरिएका बाणगंगा, तिलोत्तमा, विजय, आदित्य, गौतम; मध्य पहाडका लागि सिफारिस गरिएका मुनाल, च्याखुरा, धौलागिरी, गौरा, डब्लु. के. १२०४, स्वर्गद्वारी, डाँफे, पासाङ ल्हामु र उच्च पहाडका लागि सिफारिस गरिएका धौलागिरी, गौरा, डब्लु. के. १२०४, पासाङ ल्हामु उपयुक्त भएकोले उपलब्ध जातको गुणस्तरीय बीउ ४-४.५ के.जी. प्रति कट्ठा वा ५-६ के.जी. प्रति रोपनीका दरले व्यवस्था गर्नुहोस्।
- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. (Chlorpyrifos १६% EC) को ०.५ एम.एल. र कार्बेनडाजिम (बेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयर बाट नर्सरी ब्याड भिज्ने गरी छर्नु पर्दछ।

## पशुपालन सारांशः

- हिउँदको समयमा पशुवस्तुलाई हरियो घाँस र पोषणतत्वको कमी हुने र उत्पादन तथा उत्पादकत्वमा पनि कमी आउने भएकोले उक्त समयमा उग्राउने पशुहरु जस्तै-गाई, भैंसी, भेडा बाखाहरुलाई युरिया मिश्रित पराल (४% युरिया) वा युरिया मोलासिस ब्लक खुवाउँदा पशुको उत्पादनमा बृद्दि गर्न सकिन्छ। तर साना बाच्छा-बाच्छी र पाडा-पाडीलाई युरिया उपचार गरिएको पराल खुवाउनु हुँदैन।
- जाडो महिनामा विशेष गरि कुखुरामा इन्फेक्सियस ब्रोङ्काइटिस, इन्फेक्सियस साइनुसाइटिस र क्रोनिक रेस्पिरेटरि रोग (CRD) आदि देखिन सक्छ। त्यसकारण कुखुराको खोरमा तापक्रम, सरसफाई र भेन्टिलेशनमा विशेष ध्यान दिनुपर्दछ।
- हिउँद महिनामा विभिन्न डालेघाँसहरु जस्तै कोइरालो, कुटमिरो, खन्यु, गिठी, चिउरी, चुलेत्रो, जिङट, निमारो, पाखुरी, वडहर, भिमल आदि खुवाउन सकिन्छ।

# मौसमी तथ्यांकहरु

## २४ कात्तिक २०७४ देखि ३० कात्तिक २०७४ सम्मको मौसमी तथ्याङ्क

| जिल्ला | मौसमी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल वर्षा (मि.मी.) | तापक्रम (°सेल्सियस) को दायरा | | सापेक्षिक आर्द्रता (%) को दायरा | | हावाको गति (मि/से) को दायरा | हावाको प्रचलित दिशा | कैफियत |
| | | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | | | |
| झापा | ०.० | ३०.०-३२.५ | १४.०-१६.० | ९८-१०० | ७५-८६ | - | - | - |
| मोरङ्ग | ०.० | २९.९-३२.२ | १५.०-१६.५ | ७४-८१ | ३६-४६ | ०.०-२.० | उत्तर | |
| धनकुटा | ०.० | २४.०-२५.० | ११.८-१२.५ | ६६-७९ | ४८-५८ | ०.०-१.० | पश्चिम | |
| संखुवासभा | ०.० | २१.५-२२.५ | १३.०-१४.० | ७४-९४ | ६२-७४ | - | - | - |
| सुनसरी | ०.० | ३०.५-३३.८ | १२.५-१४.८ | ८४-९२ | ४१-७७ | - | - | - |
| सप्तरी | ०.० | २८.५-३०.२ | १२.०-१८.५ | ७४-८० | ६६-७४ | - | - | - |
| सिराहा | ०.० | ३१.०-३२.५ | १५.०-१६.० | ७६-८७ | ६७-७६ | | | |
| दोलखा | ०.० | २१.०-२२.५ | ८.०-९.० | ८८-९३ | ६०-९० | - | - | - |
| महोत्तरी | ०.० | २७.७-३०.५ | १७.०-१८.५ | ७४-९६ | ५६-८९ | | | |
| काभ्रेपलाञ्चोक | ०.० | २६.५-२८.७ | ८.५-१०.२ | ९८-१०० | ६८-९९ | - | - | - |
| बारा | १.० | २९.६-३२.० | १२.०-१५.० | ७५-९१ | ३८-६१ | ०.०-१.५ | उत्तर | |
| धादिङ | ०.० | २३.०-२५.५ | १३.०-१५.० | ८६-९० | ६९-७६ | - | - | - |
| चितवन | ०.० | २९.८-३१.० | ११.३-१४.२ | ९४-९७ | ८१-९१ | - | - | - |
| कास्की | ०.० | २५.०-२६.२ | १२.०-१३.७ | ९४-९८ | ५१-५८ | ०.०-१.५ | दक्षिण | |
| मुस्ताङ | ०.० | १५.०-१७.५ | -४.०-१.५ | ६५-८५ | ६१-७६ | | | |
| पाल्पा | ०.० | २४.६-२५.५ | ८.४-९.२ | ७७-९३ | ६०-७५ | - | - | - |
| रुपन्देही | ०.० | २९.६-३१.९ | १३.९-१५.८ | ७०-८५ | ३५-४० | ०.०-३.५ | उत्तर | |
| रुकुम | ०.० | २५.५-२६.५ | ९.५-१४.० | ८४-९२ | ६७-८१ | - | - | |
| दाङ्ग | ०.० | २६.५-२८.२ | ११.०-१३.० | ७६-९१ | ३५-५२ | ०.०-१.० | दक्षिण | |
| बाँके | ०.० | २८.५-३०.० | १३.५-१५.४ | ९४-१०० | ४२-५२ | ०.०-४.० | | |
| सुर्खेत | ०.० | २६.८-२८.१ | १०.०-१२.८ | ७८-९१ | ४७-५२ | ०.०-४.० | उत्तर | |
| जुम्ला | ०.० | १९.७-२१.८ | -२.३-२.१ | ५३-७४ | १४-३० | ०.०-४.० | पश्चिम | |
| कैलाली | ०.० | २८.३-२९.७ | १२.८-१४.४ | ८९-९४ | ४७-५३ | ०.०-३.० | उत्तर | |
| डोटी | ०.० | २८.५-२९.५ | ९.२-१२.२ | ८२-८६ | ३४-४५ | ०.०-१.० | उत्तर | |
| दार्चुला | ०.० | २१.०-२२.२ | ९.६-११.० | ८९-९२ | ६७-८३ | - | - | - |

# ०१ मंसिर २०७४ देखि ०७ मंसिर २०७४ सम्मको मौसमी तथ्याङ्क

| जिल्ला | मौसमी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल वर्षा (मि.मी.) | तापक्रम (°सेल्सियस) को दायरा | | सापेक्षिक आर्द्रता (%) को दायरा | | हावाको गति (मि/से) को दायरा | हावाको प्रचलित दिशा | कैफियत |
| | | अधिकतम | न्यूनतम | अधिकतम | न्यूनतम | | | |
| झापा | ०.० | २७.५-३२.० | ११.५-१५.५ | ९५-१०० | ७४-८४ | - | - | - |
| मोरङ्ग | ०.० | २७.०-३१.२ | १२.५-१७.० | ६७-८५ | ३४-५० | ०.०-४.० | पश्चिम | |
| धनकुटा | ०.० | २२.५-२४.४ | ११.९-१२.९ | ७२-८५ | ४६-६४ | ०.०-१.५ | पश्चिम | |
| संखुवासभा | फाटफुट | २१.५-२२.५ | १३.२-१४.५ | ७७-९७ | ७१-८१ | - | - | - |
| सुनसरी | ०.० | २७.८-३४.० | ११.८-१९.२ | ७१-९५ | ४९-७६ | - | - | - |
| सप्तरी | ०.० | २६.०-२९.५ | १३.५-१९.० | ७१-८९ | ६९-७६ | - | - | - |
| सिराहा | ०.० | २७.५-३१.५ | १०.०-१६.५ | ८१-८७ | ६७-८३ | | | |
| दोलखा | ०.० | २०.५-२५.० | ७.०-१०.० | ८४-९० | ७३-८९ | - | - | - |
| महोत्तरी | ०.० | २७.०-३०.० | १५.०-१७.० | ८५-९१ | ७८-८७ | | | |
| काभ्रेपलाञ्चोक | फाटफुट | २६.७-२९.५ | ७.५-१२.५ | ९७-१०० | ९६-९९ | - | - | - |
| बारा | ०.० | २६.२-३०.५ | ९.०-१४.६ | ७२-९६ | ५०-५६ | ०.०-१.५ | उत्तर | |
| धादिङ | ०.० | २२.५-२७.० | १०.५-१४.५ | ८८-९१ | ६७-८४ | - | - | - |
| चितवन | ०.० | २७.३-३१.० | १२.०-१४.२ | ८९-९८ | ८०-९४ | - | - | - |
| कास्की | ०.० | २४.२-२६.५ | १०.६-१३.९ | ९१-९८ | ४८-५८ | ०.०-१.५ | उत्तर | |
| मुस्ताङ | ०.० | १३.५-१७.५ | (-)३.५-५.० | ७०-८७ | ५०-६८ | | | |
| पाल्पा | ०.० | २३.२-२५.० | ६.२-९.५ | ८१-९१ | ७६-८३ | - | - | - |
| रुपन्देही | ०.० | २६.६-३१.५ | ९.४-१६.६ | ७०-९१ | ३५-६० | ०.०-४.० | पश्चिम | |
| रुकुम | ०.० | २३.५-२७.५ | ६.५-१०.५ | ८२-८८ | ६२-७६ | - | - | |
| दाङ्ग | ०.० | २४.५-२८.० | ८.२-१३.४ | ७९-९० | ४१-६० | ०.०-१.० | उत्तर | |
| बाँके | फाटफुट | २४.५-२९.८ | ९.५-१७.४ | ९३-९८ | ४६-५४ | ०.०-६.० | उत्तर | |
| सुर्खेत | ०.० | २५.७-२७.८ | ६.५-१३.४ | ९५-९९ | ३८-५१ | ०.०-४.० | पश्चिम | |
| जुम्ला | २.८ | १७.०-१८.० | (-)५.०-५.४ | ५९-८४ | १३-४३ | ०.०-४.० | पश्चिम | |
| कैलाली | फाटफुट | २५.२-२९.८ | ९.०-१४.२ | ८५-९८ | ४१-६० | ०.०-१.० | उत्तर | |
| डोटी | ०.० | २६.५-२८.५ | ५.६-११.४ | ८२-८८ | ३४-५१ | ०.०-१.५ | उत्तर | |
| दार्चुला | फाटफुट | १८.०-२०.६ | ७.०-१२.० | ८८-९७ | ६२-७२ | - | - | - |

# मौसमी विश्लेषण

| जिल्ला | विवरण | |
|---|---|---|
| | गत हप्ताको समग्र मौसमी विश्लेषण | आउँदो हप्ताको मौसमी अवस्था |
| झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी | झापा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३२° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७४% रह्यो।<br>मोरङ्ग जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३१.२° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३४% रह्यो।<br>सुनसरी जिल्लाको मोरङ्ग जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३४° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४९% रह्यो।<br>सप्तरी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २९.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६९% रह्यो।<br>सिराहा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३१.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६७% रह्यो।<br>महोत्तरी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३०° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७८% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताभरि नै सामान्यतया मौसम सफा रहने देखिन्छ। |
| धनकुटा | धनकुटा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २४.४° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४६% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा सामान्यतया मौसम सफा रहेता पनि मध्य र अन्ततिर आंशिक बदली भइ एक-दुई स्थानमा फाटफुट बर्षा हुने देखिन्छ। |
| संखुवासभा | संखुवासभा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २२.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७१% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा सामान्यतय मौसम सफा रहेता पनि मध्य तथा अन्ततिर सामान्य बदली भई उच्च पहाडी तथा हिमाली क्षेत्रको एक-दुई स्थानहरुमा हल्का खालको हिमपात हुने देखिन्छ। |
| दोलखा, काभ्रेपलाञ्चोक, धादिङ | दोलखा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७३% रह्यो।<br>काभ्रेपलाञ्चोक जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २९.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ९६% रह्यो।<br>धादिङ जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २७° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६७% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा सामान्यतय मौसम सफा रहेता पनि मध्य र अन्ततिर आंशिक बदली भई एक-दुई स्थानमा फाटफुट बर्षा हुने देखिन्छ। |
| बारा, चितवन, रुपन्देही | बारा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३०.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५०% रह्यो।<br>चितवन जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३१° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ८०% रह्यो।<br>रुपन्देही जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम ३१.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३५% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताभरि नै सामान्यतया मौसम सफा रहने देखिन्छ। |
| कास्की, पाल्पा, रुकुम | कास्की जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २६.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४८% रह्यो।<br>पाल्पा जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ७६% रह्यो।<br>रुकुम जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २७.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६२% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा तथा मध्यमा सामान्यतया मौसम सफा रहेता पनि अन्ततिर सामान्य बदली भइ एक-दुई स्थानमा हल्का बर्षा हुने देखिन्छ। |
| मुस्ताङ | मुस्ताङ जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम १७.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५०% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा सामान्यतया मौसम सफा रहेता पनि मध्य तथा अन्ततिर सामान्य बदली भई उच्च पहाडी तथा हिमाली क्षेत्रको केहि भेगमा हल्का खालको हिमपात हुने देखिन्छ। |
| दाङ्ग, सुर्खेत, डोटी | दाङ्ग जिल्लामा गत हप्ताको अधिकतम तापक्रम २८° सेल्सियय सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४१% रह्यो।<br>सुर्खेत जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २७.८° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३८% रह्यो।<br>डोटी जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २८.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ३४% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताभरि नै सामान्यतया मौसम सफा रहने देखिन्छ। |
| बाँके, कैलाली | बाँके जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २९.८° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४६% रह्यो।<br>कैलाली जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २९.८° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ४१% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताभरि नै सामान्यतया मौसम सफा रहने देखिन्छ। |
| जुम्ला, दार्चुला | जुम्ला जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम १८° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता १३% रह्यो।<br>दार्चुला जिल्लामा गत हप्ताको दिउँसोको तापक्रम २०.६° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६२% रह्यो। | आगामी साता अधिकतम तथा न्यूनतम तापक्रममा हल्का गिरावट आउने संभावना छ। साताको सुरुमा सामान्यतय मौसम सफा रहेता पनि मध्य तथा अन्ततिर सामान्य बदली भई उच्च पहाडी तथा हिमाली क्षेत्रको केहि भेगमा हल्का खालको हिमपात हुने देखिन्छ। |

# कृषि-सल्लाह

## क. बालीनाली

### १. धान

- बीउ भण्डारणको लागि सुपर व्यागको प्रयोग गर्नु उपयुक्त हुन्छ। सुपर व्याग उपलब्ध नभएको अवस्थामा चिस्यान कम गराउन धानलाई ३-४ दिन घाममा राम्ररी सुकाएर हावा नछिर्ने भाँडो (मेटल बिन, भकारी) मा सेलफस २-३ चक्की प्रति टनका दरले प्रयोग गरि भण्डारण गर्नुपर्दछ।

### २. हिँउदे मकै

- मकैको बोट घुँडासम्म आएको बेला गोडमेल र सिँचाई गरिसकेपछि १.७२ के.जी. युरिया प्रति कठ्ठा वा २.५ के.जी. युरिया प्रति रोपनीका दरले टपड्रेस गर्नुपर्दछ।

### ३. गहुँ

- गहुँ लगाउने समय भएकोले तराई र भित्रि मधेशका लागी सिफारिस गरिएका बाणगंगा, तिलोत्तमा, विजय, आदित्य, गौतम; मध्य पहाडका लागि सिफारिस गरिएका मुनाल, च्याखुरा, धौलागिरी, गौरा, डब्लु. के. १२०४, स्वर्गद्वारी, डाँफे, पासाङ ल्हामु र उच्च पहाडका लागि सिफारिस गरिएका धौलागिरी, गौरा, डब्लु. के. १२०४, पासाङ ल्हामु उपयुक्त भएकोले उपलब्ध जातको गुणस्तरीय बीउ ४-४.५ के.जी. प्रति कठ्ठा वा ५-६ के.जी. प्रति रोपनीका दरले व्यवस्था गरी लगाउनु उपयुक्त हुन्छ।

  ***बीउको उपचार:*** भाइटाभ्याक्स २-३ ग्राम प्रति के.जी. वा बेभिष्टिन २ ग्राम प्रति के.जी. बीउका दरले उपचार गरेर मात्र बीउ छर्नुपर्दछ।

- तिलोत्तमा तराई र भित्री मधेश तथा डाँफे, मुनाल र च्याखुरा मध्य पहाडको सिंचित र असिंचित दुवै क्षेत्रमा लगाउन उपयुक्त हुन्छ।
- मध्य तथा सुदूर पश्चिम तराईका लागि उपयुक्त ड्युरम गहुँको जातहरु- डी. डब्लु. के. २६ र डी. डब्लु. के. ३८ को बीउ समयमा व्यवस्था गरि लगाउन उपयुक्त हुन्छ। ड्युरम गहुँ बारे विस्तृत जानकारी प्राप्त गर्न क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, खजुरा, बाँकेमा सम्पर्क गर्नुहोला।
- सापेक्षिक आर्द्रता घटिरहेकोले माटोको चिस्यान उड्ने हुनाले चिस्यान रहँदै गहुँ छर्नुहोस्।
- शुरुमा जग्गा तयारी गर्दा कम्पोस्ट मल २००-३०० के. जी. प्रति कठ्ठा वा ३००-४५० के. जी. प्रति रोपनीका दरले खेतमा राम्ररी छरी माटोमा मिलाउने र
  - सिंचित जग्गाको अन्तिम तयारी गर्ने बेलामा डी.ए.पी. ३.६ के.जी., युरिया २.९ के.जी., पोटास २.७ के.जी. प्रति कठ्ठा वा डी.ए.पी. ५.४ के. जी., युरिया ४.४ के.जी., पोटास ४.१ के.जी. प्रति रोपनीका दरले खेतमा राम्ररी छरी माटोमा मिलाए पछि बीउ छर्न शुरु गर्नु पर्दछ।
  - असिंचित जग्गाको अन्तिम तयारी गर्ने बेलामा डी.ए.पी. ३.६ के. जी., युरिया २.२ के. जी., पोटास १.१ के.जी. प्रति कठ्ठा वा डी.ए.पी. ५.४ के. जी., युरिया ३.३ के.जी., पोटास १.६ के. जी. प्रति रोपनीका दरले खेतमा राम्ररी छरी माटोमा मिलाए पछि बीउ छर्न शुरु गर्नु पर्दछ।

### ४. तोरी

- फूल फुल्नु भन्दा अगाडी एक पटक हल्का सिँचाई गरि ३०० ग्राम प्रति कठ्ठा वा ४५० ग्राम प्रति रोपनीका दरले यूरिया मल टपड्रेस गर्नुपर्दछ।

- तोरीबालीमा लाही कीरा लागे-नलागेको नियमित अनुगमन पहेंलो स्टिकि ट्र्याप (yellow sticky trap) बाट गर्ने र आवश्यक्ता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनु राम्रो हुन्छ। *डाइमेथोएट* ३०% ई.सी., २ एम.एल. प्रति लिटर पानीमा वा प्रकोप ज्यादा भएमा *मालाथियन* ५०% इ.सी.,२ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ।

## ५. मुसुरो

- सिँचाई सुविधा भएको ठाँउमा मुसुरो लगाएको ४५-६० दिनमा पानी नजम्ने गरि एक पटक हल्का सिँचाई दिँदा राम्रो हुन्छ।

## ६. उखु

- गवारो कीराहरु व्यवस्थापनको लागि उखु रोपेको एक महिना पछि बाट ट्राइकोग्रामा (*Trichogramma chilonis* or *Trichogramma japonicum*) परजीवी कीरा १,००,००० (१०x५ से.मी. को पाँच वटा ट्राइको कार्ड) प्रति हेक्टरका दरले १०/१० दिनको अन्तरालमा ३—४ पटक छोड्नु उपयुक्त हुन्छ। *(ट्राइको कार्डको लागी नजिकको चिनी मील वा कृषि सम्बन्धी कार्यालयहरुमा सम्पर्क गर्नुहोला।)*

## ७. आलु

- तराईका जिल्लाहरुमा साताभरिनै सामान्यतया मौसम सफा हुने भएकोले कात्तिक पहिलो हप्ता रोपिएको आलुलाई उकेरा लगाई माटोको चिस्यानको अवस्था हेरी सिँचाई गर्नुहोस्।
- तराईका जिल्लाहरुमा सुख्खायाम शुरु हुन लागेकोले सिँचाईको सुबिधा नभएको ठाँऊमा छापोको व्यवस्था गर्नुहोस्।
- मध्य पहाडमा डढुवाको लागि मौसम अनुकूल (सापेक्षिक आर्द्रता ८०% भन्दा धेरै) हुँदै गएकोले उक्त रोगको नियमित अनुगमन गर्नुहोस्।
- मौसम अनुकूल रहेकोले मध्य पहाडमा भदौमा बारी जग्गामा रोपेको छिप्पिएका वीउ आलुलाई खन्न शुरु गर्नुहोस्।
- मध्य पहाडमा रोपेको पछौटे आलुलाई माटोको चिस्यानको अवस्था हेरी उकेरा दिई सिँचाई गर्नुहोस्।
- उच्च पहाडमा भण्डारण गरिएको आलु समय-समयमा निरिक्षण गरि कुहिएको आलु हटाउनुहोस्।

## ८. फलफूल बाली

- आँपमा आँपको विकृति (म्याङ्गो मालफर्मेसन) देखिएका छन् भने रोगी कलिला हाँगाहरु काटछाँट गरेर जलाउनुपर्दछ। साथै १ ग्राम एनएए (न्याप्थालिन एसिटिक एसिड) प्रति ५ लिटर पानीमा घोली बोटको पात भिज्ने गरी छर्नुपर्दछ। एनएए घोल तयार गर्दा अँध्यारोमा गर्नुपर्दछ अन्यथा सूर्यको किरणले हर्मोनको असर निस्तेज गरिदिन्छ।
- हिँउदे फलफूलको बगैंचा स्थापना गर्ने योजनामा हुनुहुन्छ भने यसै समय (मंसिर) मा सिफारिस गरिएको साइजको खाडल खनी घाममा १ महिना जति सुकाउनुहोस्। यसो गर्नाले बेर्ना सार्ने खाडलमा भएका किटाणुहरु/ढुसीहरु तथा कीराका फुल नष्ट हुन्छन्।
- केराको बोट ओइलाउने रोग लागेमा प्राविधिकबाट जाँच गराई ढुसिबाट लागेको भएमा *कपर अक्सिक्लोराईड* २-३ ग्राम प्रति लिटरको दरले पानीमा घोलेर १० दिनको फरकमा ३ पटक केराको गाँजको वरिपरि सानो घेरा बनाई करीब १० लिटर विषादीको घोल राख्नुपर्दछ।
- व्याक्टेरियाबाट केराको बोट ओइलाउने रोग लागेको भएमा कासु-बी (कासुगामाईसिन) १ ग्राम प्रति लिटर पानीमा घोलेर १५ दिनको फरकमा २-३ पटक जरा भिजाउनुपर्दछ।

- केरामा फल लागिसकेपछि केराको घरीमा १% बोर्डेक्स मिश्रण (एक लिटर पानीमा १० ग्राम चुन, १० ग्राम नीलोतुथो मिसाएको झोल) १-१ महिनाको अन्तरमा छर्दै गर्नाले कोत्रेरोग (Anthracnose) को व्यवस्थापन हुन्छ।
- केराको बोट/थाममा लाग्ने घुन कीराको नोक्सानी कम पार्न बगैंचाको सरसफाई गर्ने, एउटा गांजमा ३ वटा सम्म मात्र बोट राख्ने र प्रत्येक गाँजमा क्लोरपाइरीफस (4% GR) ३० ग्राम गाँजको वरिपरि रिङ आकारमा कुलेसो बनाई माटोमा राम्रोसंग मिलाईदिनु पर्दछ।
- केराको बगैंचामा गबारो लाग्न सक्ने भएकोले नियमीत अनुगमन गर्नुपर्दछ। गवारो देखिएमा बगैंचाको सरसफाई गर्ने, घरि काटिसकेपछिका ठुटाहरुलाई नष्ट गर्ने, कीरालाई ट्र्याप गरि नष्ट गर्नुपर्दछ। कीराको प्रकोप बढि भएमा बोटको कापमा वा गुवोमा कार्वोफ्युरान ५-७ ग्राम राख्नु पर्दछ *वा* कीराको पासोमा कीरालाई आकर्षित गरी नष्ट गर्नको लागि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर तीन वटा टुक्रा-टुक्राको विचमा स-सानो ढुङ्गा (कंक्रिट) राखेर पासो तयार पार्ने र ठाँउ-ठाँउमा राखेर प्रत्येक दिन यसको अवलोकन गरी पासोमा परेको कीरा नष्ट गर्नुपर्दछ।

- कागती, सुन्तला आदिमा कालो ध्वाँसे ढुसी (Sooty Mold) देखिएमा १५ एम.एल सर्वो वा एट्सो तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्ने गरि छर्कनु पर्दछ।
- कागती वा निबुवा खेती गर्नुभएका कृषकहरुले कागतीको पात खन्ने (Leaf Miner) कीरा लाग्ने भएकोले करेसाबारीमा भएका बोटमा गाईको गहुँत वा निमको झोल १ भागमा ४ भाग पानी मिसाई ५-५ दिनको फरकमा ३ पटक छर्नु पर्दछ। व्यवसायिक कागती खेती गर्ने कृषकहरुले रोगर वा फोस्किल २ एम. एल. प्रति लिटर पानीमा घोलेर ७-७ दिनको फरकमा ३ पटक छर्नु पर्दछ।

## ९. तरकारी बाली

- हिउँदे तरकारीहरुको नर्सरी ब्याड तयार गर्दा जग्गा खनजोत गरि फर्मालिन १ भाग ५० भाग पानीमा घोली जमिन भिजने गरि हालेर चित्रमा देखाइए जस्तै प्लास्टिकले ७ दिनसम्म ढाकि माटो उल्टाई पल्टाई गर्नुपर्दछ।
- ब्याड राख्ने जग्गाको माटोको उपचार गर्नु परेमा बेभिष्टीन ६ ग्राम प्रति लिटर पानीमा मिसाई बिउ राख्नु ३-४ दिन अगाडी छर्कदा उपयुक्त हुन्छ।
- नर्सरी राख्दा १ वित्ता (१५-२० से.मी.) अग्लो ब्याड बनाई ४ अँगुलको फरकमा लाइन कोरेर पातलो गरी बिउ राख्ने र हल्का माटोले पुरेपछि छापो राख्नुपर्दछ।
- नर्सरी ब्याडमा बीउ राखेपछि सेतो प्लास्टिकको छानो बनाउनुपर्दछ तर बेर्ना उम्रिसकेपछी दिनमा उघार्ने र राति तथा पानी परेको बेला उक्त छानो ओढाउनु पर्दछ।



- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न *क्लोरपाईरीफस* १६% ई.सी. (Chlorpyrifos 16% EC) को ०.५ एम.एल. र *कार्बेनडाजिम* (बेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयर बाट नर्सरी ब्याड भिज्ने गरी छर्नु पर्दछ।
- काउली, बन्दा लगाएको २०-२५ दिन भैसकेको भएमा १-१ चम्चा डिएपि र यूरिया मिसाई वरिपरि घेरा बनाई मललाई पुर्नुपर्दछ। यसरि टपड्रेस गरिसकेपछि सिँचाई दिनुपर्दछ।

## गोलभेंडाको (दक्षिण अमेरिकी) पात खन्ने कीरा (*Tuta absoluta)* (Meyrick 1917)



पूर्ण रुपमा क्षति ग्रस्त बिरुवाहरु



लार्भाले क्षती पुर्याएको फल



पातमा क्षतिको लक्षण



मुनामा क्षतिको लक्षण



फलमा क्षतिको लक्षण



बयस्क पुतली



लार्भा अवस्था

**व्यवस्थापन विधिहरु:** कीरा लागेको क्षेत्रबाट अन्य क्षेत्रमा गोंलभेंडा तथा बिरुवा ओसारपसार नगर्ने। टाँसिने पासो वा पानीको पासोमा फेरेमोन प्रयोग गरि कीराको अनुगमन गर्ने। जंगली आश्रयदाता बिरुवाहरु, धतुरो र कालीगेडी जस्ता बिरुवाहरु हटाउने। गोलभेंडा खेती सकी सकेपछि बालीका अवशेषहरु नष्ट गर्ने। कीरा लागेको क्षेत्रमा *सोलेनेसी* परिवारको बालीहरु जस्तै आलु, भण्टा, खोर्सानी, सुर्ती तथा *लेगुमिनेसी* परिवारका सिमी, बोडी, बकुल्ला जस्ता आश्रयदाता बिरुवाहरु नलगाउने। कीरा लागेका पात, फल तथा मुना संकलन गरि गहिरो गरि पुर्ने वा प्लाष्टिकको थैलामा बन्द गरि कुहाउने।

- यस कीरा (*Tuta absoluta*) को फेरोमोन लुर, ओटाटि ट्र्याप वा स्टिकी ट्र्याप प्रति रोपनी २ वटा प्रयोग गर्ने। बत्तीको पासोको प्रयोग गरि वयस्क कीराहरु मार्ने।
- कीरा लागेको सुरुको अवस्थामा *ब्यासिलस थुरिन्जीनेसिस कुरष्टाकी* (*Bacillus thuringiensis* var. *Kurstaki*) २ ग्राम प्रति लिटर पानीमा घोलेर साझ पख बोट भिज्ने गरि छर्किने। धेरै कीरा लागेको अवस्थामा *क्लोरएन्ट्रानिलिप्रोल* (*Chlorantraniliprole* 18.5 % SC) वा *स्पिनोसाड* (*Spinosad* 45% SC) १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाएर छर्ने। एउटै बिषादी निरन्तर प्रयोग नगरि आलोपालो प्रयोग गर्ने।



बत्तिको पासो तथा यसमा परेका पुतलीहरु



पानीको पासोमा फेरोमोनको प्रयोग

- गोलभेंडामा डढुवाको प्रकोप कम छ भने *मेन्कोजेब* ७५% डब्लु.पि २.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने र बढि छ भने *क्रिलाक्सिल* एम.जेड. ७२% डब्लु.पि. को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुपर्दछ।
- गोलभेंडामा लाग्ने गवारो (Fruit borer) कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा *Ha*NPV (*हेली* एन.पि.भी ) २५० LE को १.५ मि.लि हालेर साँझको समयमा स्प्रे गर्नुपर्दछ, अथवा व्याक्टेरिया जन्य (बी.टी ) Bt (डाई पेल, बायो लेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुपर्दछ, <u>अथवा</u> क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.४ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ। साथै कीराले नोक्सानी गरेका फलहरु संकलन गरी खाडलमा पुरिदिनु पर्छ।
- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, *भर्टिसिलियम लेकानी* २ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुपर्दछ। प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा *एसिटामाइप्रिड* २०% एस.पि. (इक्का, माजिक) १ ग्राम प्रति लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्ने गरि स्प्रे गर्नुपर्दछ।

## १०. अन्य

- खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुदैनन्। तसर्थ कीरा देखिने बित्तिकै विषादीको प्रयोग नगरौं। मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा (*प्रेइङ्ग मेन्टीड*) देखिएमा तिनीहरुको संरक्षण र सम्बर्धन गरौं।

### <u>विषादीको प्रयोग गर्दा ध्यान दिनु पर्ने मुख्य कुराहरु:</u>

- सकेसम्म कम हानीकारक हरियो ( ) र हानीकारक निलो ( ) लेबल भएको विषादी प्रयोग गर्नु उपयुक्त हुन्छ।
- विषादीको डब्बामा उत्पादन र एक्सपाइरी मिति हेर्नु पर्दछ।
- सुरक्षित ठाउँमा विषादी राख्नु उपयुक्त हुन्छ।
- सिफारिस गरिए अनुसारको मात्रा प्रयोग गर्नुपर्दछ।
- विषादी छर्कने वेलामा मुखमा मास्क, हातमा पञ्जा, खुट्टामा जुत्ता र शरीरको नाङ्गो भागमा कपडाले छोप्नु उपयुक्त हुन्छ।
- सकभर कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला विषादी छर्नु हुदैन।
- कुनै पनि विषादी छर्दा जुन दिशाबाट हावा आएको छ त्यही दिशा तिर फर्केर कहिल्यै छर्नु हुदैन अर्थात् जुनदिशा बाट हावा वहेको छ सोही दिशा तर्फ फर्केर विषादी छर्ने गर्नुपर्दछ।
- कुनै पनि विषादी छर्दा विषादी छर्दै अघि बढ्नु हुदैन अर्थात पछि सर्दै आउनु पर्दछ जसले गर्दा विषादी छरि सकेको ठाउमा चलाउन नपरोस्।
- कुनै पनि विषादी छरि रहँदा बिचैमा नोजल बन्द भयो भने मुखले फुकेर वा दाँतले खोल्ने गर्नुहुदैन।

- कुनै पनि विषादीको प्रयोग गरेपछि सकेसम्म पुरै शरिर नुहाउनु पर्दछ र हातखुट्टा नधोई कुनै खानेकुरा खान हुँदैन।
- विषादी प्रयोग गरिसकेपछि खाली बट्टा वा सिसी वटुलेर खाल्डोमा पुर्नुपर्दछ र प्रयोग गरेका उपकरणहरु धोएर राख्नुपर्दछ।
- विषादी छर्कदा टाउको दुखे वा वाक वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छोडेर खुल्ला हावामा केही बेर बस्नुपर्दछ। यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जचाउनु पर्दछ।
- विषादीको किसिम हेरेर विषादी छरेको खेत जग्गाबाट ३ देखि १५ दिनसम्म कुनै पनि खान योग्य बालीहरु उपभोग गर्न हुदैन। साथै गाईवस्तु, कुखुरा आदि लाई पनि खुवाउन हुदैन।
- विषादी प्रयोग गर्ने उपकरणहरु (स्प्रेयर) लाई प्रयोग गरिसकेपछि राम्रोसँग पखाली भण्डारमा राख्नुपर्दछ।

### लाही कीरा (*एफीड*)

- १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरी राखेर लाही लागेको ठाँउमा भिज्ने गरी भोलीपल्ट छर्कनु राम्रो हुन्छ। *डाइमेथोएट* ३०% ई.सी., २ एम.एल. प्रति लिटर पानीमा वा प्रकोप ज्यादा भएमा *मालाथियन* ५०% इ.सी.,२ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ।

## ख. पशुपालन

### १. गाई, भैंसी, भेडा, बाख्रा

- हिउँदको समयमा पशुवस्तुलाई हरियो घाँस र पोषणतत्वको कमी हुने र उत्पादन तथा उत्पादकत्वमा पनि कमी आउने भएकोले उक्त समयमा उग्राउने पशुहरु जस्तै-गाई, भैंसी, भेडा बाख्राहरुलाई युरिया मिश्रित पराल (४% युरिया) वा युरिया मोलासिस ब्लक खुवाउँदा पशुको उत्पादनमा बृद्दि गर्न सकिन्छ। तर साना बाच्छा-बाच्छी र पाडा-पाडीलाई युरिया उपचार गरिएको पराल खुवाउनु हुँदैन। परालमा युरिया उपचार बिधिबारे अनुसूची-१ मा विस्तृतमा दिईएको छ।
- पशुलाई युरिया मोलासिस ब्लक ३०० ग्राम प्रति दिनका दरले चाट्न दिनुपर्दछ र प्रशस्त मात्रामा पानी पिउन दिनुपर्दछ। युरिया मोलासिस ब्लक पशु आहारा महाशाखा, खुमलटारबाट बिक्री वितरण गरिन्छ।
- व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरुमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाई जाडोयाममा पशु वस्तुलाई आहाराको रुपमा प्रयोग गर्न सकिन्छ जसको प्रयोगले गाई भैसीको दुध उत्पादन २०-२५% ले वृद्धि हुनसक्छ। उखुको टुप्पाबाट साइलेज बनाउने तरिका अनुसूची-३ मा विस्तृतमा दिइएको छ।
- जाडोयाम शुरु भएको र बाहिरी तापक्रम घट्दै गइरहेको हुँदा गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, खरायो आदिमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वासप्रश्वास सम्वन्धि अन्य रोग लाग्ने हुँदा पशुवस्तुको खोर-गोठ न्यानो राख्नुपर्दछ। भर्खर जन्मेका र साना बाच्छा-बाच्छी/पाठा-पाठीमा निमोनिया र छेर्ने समस्याका साथै कक्सिडियोसिसको समस्या देखिने हुँदा विशेष ध्यान दिनुपर्दछ। गाईवस्तुको खोर-गोठको झ्यालहरुमा हावाको आवत जावत हुने गरि बोराहरु टाँगेर न्यानो बनाउन सकिन्छ।
- दुधालु गाईवस्तुलाई थुनेलो (Mastitis) को समस्याबाट बचाउन गोठ सफा र सुग्घर राख्नुहोस्। साथै ग्लिसिरिन र पोभिडन आयोडिन १:९ को अनुपातमा बनाइएको झोलमा दुध दुहिसकेपछि ३० सेकेण्डसम्म थुन डुबाउनु (Teat dipping) पर्दछ।

२. कुखुरा, हाँस

- जाडो महिनामा विशेष गरि कुखुरामा इन्फेक्सियस ब्रोङ्काइटिस, इन्फेक्सियस साइनुसाइटिस र क्रोनिक रेस्पिरेटरि रोग (CRD) आदि देखिन सक्छ। त्यसकारण कुखुराको खोरमा तापक्रम, सरसफाई र भेन्टिलेशनमा विशेष ध्यान दिनुपर्दछ।
- कुखुरा फार्महरुमा रोगहरुको संक्रमण बढ्ने सम्भावना भएकोले संक्रमणबाट बचाउन फार्महरुमा जैविक सुरक्षा अपनाउनुहोस्।
- ब्रोइलर कुखुराहरुलाई उमेर अनुसार फरक किसिमको तापक्रम आवश्यक हुन्छ। सुरुको अवस्थामा ९५° फरेनहाइट तापक्रम आवश्यक पर्छ र क्रमश: प्रत्येक हप्ता ५° फरेनहाइट तापक्रमको दरले ७५° फरेनहाइट तापक्रम नपुग्दा सम्म घटाउँदै लैजानु पर्दछ।
- चल्लाको खोरमा २ घण्टा विहानको घाम पस्ने व्यवस्था अनिवार्य गरिनु पर्दछ। कुखुराको खोरमा भेन्टीलेसन राम्रो हुनुपर्दछ। कुखुराको सुलीमा धेरै आर्द्रता हुने भएकोले धेरै एमोनिया उत्पादन भई श्वासप्रश्वास सम्वन्धी समस्या हुने हुँदा खोरमा राम्रो भेन्टीलेशनको व्यवस्था गर्नुपर्दछ।

३. माछा

- माछा पोखरीमा अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (aerator) को प्रयोग गर्नुपर्दछ।
- माछा पोखरीमा एमोनियाको मात्रा बढी भएमा पोखरीमा माछाको घनत्व (stocking density) कम गर्ने, दानाको मात्रा घटाउने, पानीको गहिराई बढाउने, एरेटरको संख्या बढाउने आदी गर्न सकिन्छ। मरेका माछालाई तत्काल हटाउनुपर्दछ। अपरान्हमा अत्याधिक पि एच (pH) हुने गरेको भए चूना प्रयोग गर्दा केही लाभदायी हुन्छ।
- एमोनियाको मात्रा १ पिपिएम (PPM) छ भने पोखरीको २५% पानी विस्थापन गर्नुपर्दछ। एमोनिया २.५ पिपिएम (PPM) वा बढी भएमा माछालाई अर्को पोखरीमा सार्नुपर्दछ।

घाँसेबाली

- हिउँदे घाँसको लागि जग्गाको अन्तिम तयारीको बेलामा कम्पोष्ट मल २०० के.जी, डी.ए.पी. ३.६ के.जी, युरिया २.१ के.जी, म्युरेट अफ पोटास १.३ के.जी प्रति कट्ठाका दरले माटोमा मिलाउनु उपयुक्त हुन्छ।
- जै घाँसको हकमा ४ के. जी बीउ प्रति कट्ठाको दरले उपलब्ध भएसम्म अमृतधारा नभएमा नेत्र, कामधेनु, गणेश, पार्वती आदि जातको जै मंसिर महिनाको तेस्रो हप्ताभित्रै छर्न उपयुक्त हुन्छ। साथै जै घाँससँग केराउ अथवा भेच ०.५-१ के. जी. प्रति कट्ठाको दरले मिसाएर छर्दा घाँसको उत्पादन तथा गुणस्तरमा वृद्दि हुन्छ।
- बर्सिम घाँसको हकमा १ के. जी. बीउ प्रति कट्ठाको दरले ग्रिन गोल्ड जातको बर्सिम मंसिर महिनाको अन्तिमसम्म छर्न सकिन्छ। बर्सिमको बीउ राइजोबीयमले उपचार गरि छर्न उपयुक्त हुन्छ।
- हिउँद महिनामा विभिन्न डालेघाँसहरु जस्तै कोइरालो, कुटमिरो, खन्यु, गिठी, चिउरी, चुलेत्रो, जिङट, निमारो, पाखुरी, बडहर, भिमल आदि खुवाउन सकिन्छ। डाले घाँस काट्न सकिने समयबारे अनुसूची-२ मा विस्तृतमा दिईएको छ।

## नाम्ले / माटे रोग

- पशुहरुमा नाम्लेको परजिवी देखिएमा निम्न अनुसारको उपचार गर्नु होला।
  - अक्सिक्लोजनाइड (Oxyclozanide) १० मि.ग्रा. प्रति किलो शारीरिक तौल अनुसार एक पटक खान दिनुहोला। १ ग्राम बोलस प्रति १०० किलो शारीरिक तौल अनुसार तथा झोल औषधी ३०० किलो शारीरिक तौल भएका पशुलाई ९० एम.एल. एकपटकमा खान दिनु होला। भेडा बाख्रालाई २०० एम.जी. को एक टयाब्लेट प्रति १३ किलो शारीरिक तौल अनुसार खान दिनुहोला। यी औषधीहरु दुहुना, ब्याउने सबै प्रकारका पशुमा दिन सकिन्छ।

- ट्राइक्यालबेन्डाजोल (Tricalbendazole) १२ मि.ग्रा. प्रति किलो शारीरिक तौल अनुसार खान दिँदा निकै प्रभावकारी हुन्छ। ९०० एम.जी. को एक बोलस प्रति ७५ किलो शारीरिक तौल अनुसार खान दिनु होला। २५० एम.जी. को १ ट्याब्लेट १५ किलो शारीरिक तौल भएक भेडा बाख्रालाई खान दिनु होला। दुहुना ब्याउने सबै प्रकारका पशुहरुमा दिने सकिन्छ।
- लिभर टोनिक झोल वा पाउडर ठूलो पशुलाई ४०-६० ग्राम, सानो पशुलाई १५-२० ग्राम दैनिक खान दिनु होला।

## अनुसुची-१: युरिया उपचार विधी

सुख्खा पराल, छ्वाली वा नललाई १.५-२ इन्चको लामो टुक्रामा काट्ने र त्यसमा ४% (१०० लिटर पानीमा ४ के.जी. युरिया) को दरले युरियाको झोल बनाई (१०० के.जी. परालको लागि ५०-६० लिटर घोलको दरले) मिलाएर छर्ने। त्यसपछि हातमा प्लाष्टिकको पन्जा लगाई पराल र युरियाको झोल राम्ररी मिसाउने। मिसाइएको परालला‍ई प्लाष्टिकको थैलामा राम्ररी हावा नछिर्ने गरि खाँद्रे। प्लाष्टिकको थैला नभएमा जमिनमा खाडल खनी अथवा जमिन माथी पानीमा फोहोर नमिसिने गरी प्लाष्टिक ओछ्याएर राम्ररी खाँदेर प्लाष्टिकले छोपी ४ इन्च बाक्लो माटोले हावा नछिर्ने गरी छोप्ने। खास गरेर २१ दिनसम्म त्यसलाई राखे र २१ दिन पछि थैलाबाट खुवाउने जति मात्रा निकाली हावामा आधा घण्टा जति फिजाई पशु वस्तुलाई खुवाउने। बाख्रालाई ३००-४०० ग्राम प्रतिदिन र गाई भैसीलाई ५-६ के.जी. प्रतिदिनका दरले खुवाउनु उपयुक्त हुन्छ।

## अनुसुची-२: हिँउद महिनामा काट्न सकिने डाले घाँसहरु

हिउँद महिनामा विभिन्न डालेघाँसहरु जस्तै कोइरालो, कुटमिरो, खन्यु, गिठी, चिउरी, चुलेत्रो, जिङट, निमारो, पाखुरी, वडहर, भिमल आदि खुवाउन सकिन्छ। हिँउद महिनामा पशु आहारको आपूर्तिमा डालेघाँसबाट ४१% योगदान रहेको छ।

### डाले घाँस काट्न सकिने महिना

कोइरालो- मंसिर देखि चैत्र सम्म
कुट्मिरो- कात्तिक देखि फागुन सम्म
खन्यु- कात्तिक देखि चैत्र सम्म
गिठी- मंसिर देखि फागुन सम्म
चिउरी- कात्तिक देखि चैत्र सम्म
चुलेत्रो- कात्तिक देखि चैत्र सम्म

जिङट- कात्तिक देखि वैशाख सम्म
निमारो- कात्तिक देखि चैत्र सम्म
पाखुरी- कात्तिक देखि चैत्र सम्म
वडहर- कात्तिक देखि चैत्र सम्म
भिमल- कात्तिक देखि फागुन सम्म

## अनुसुची-३: उखुको टुप्पाबाट साइलेज बनाउने तरिकाः

उखुको बोटबाट रस निकाल्न सकिने भाग छुट्याई माथिल्लो पात भएको भागलाई १ इन्च देखि १.५ इन्चको साइजमा टुक्राउने। त्यसमा १ के.जी. युरिया ५ लिटर पानीका दरले मिसाई बनाइएको झोल १०० के.जी. उखुको टुप्पामा छर्केर प्लाष्टिकको थैलामा अथवा जमिनमा बनाइएको १मि.*१मि.*१मि. को खाडल अथवा जमिनमाथि हावा छिर्न नसक्ने गरि राम्ररी खाँदी ४ हप्तासम्म छोपेर राखे र ४ हप्ता पछि पहेलो सुनौलो रंग र हल्का अमिलो बास्ना आउन थालेपछि यो साइलेज खुवाउनको लागि तयार हुन्छ। साइलेज खुवाउनु भन्दा पहिले १५-२० मिनेट छहारिमा फिंजाउनु पर्छ जसले गर्दा एमोनिया ग्याँस निस्कन्छ।

## कृषि-मौसम सल्लाह सेवा बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं. | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. दीपक भण्डारी | बाली रोग विज्ञान | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | env@narc.gov.np<br>deepak359@hotmail.com | ९८५१२४५२१४ |
| २ | घनश्याम मल्ल | कृषि वातावरण | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | ghanashyam_99@hotmail.com | ९८४१६२१३८८ |
| ३ | दयामणी देवी गौतम | बाली विज्ञान | बाली विज्ञान महाशाखा, खुमलटार, | dayamani.gautam@gmail.com | ९८४१३२२८१३ |
| ४ | मनोज कुमार ठाकुर | कृषि सञ्चार | सञ्चार, प्रकाशन तथा अभिलेख महाशाखा, खुमलटार | thakur27819@gmail.com | ९८५१२१६२९६ |
| ५ | सालिकराम गुप्ता | बाली प्रजनन | कृषि वनस्पति महाशाखा, खुमलटार, ललितपुर | gupta.salikram3@gmail.com | ९८४१५८२५७४ |
| ६ | डा. कालिकाप्रसाद उपाध्याय | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | kalikaupadhyay@yahoo.com | ९८६०७९९७५३ |
| ७ | बिष्णु प्रसाद पौडेल | माटो विज्ञान | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | bishnu.env@gmail.com | ९८४२६९१७२३ |
| ८ | डा. अर्चना श्रेष्ठ | मौसम विज्ञान | जल तथा मौसम विज्ञान विभाग, नक्साल | shresthamet@gmail.com | ९८४१२९९०९४ |
| ९ | डा. टेक प्रसाद गोतामे | फलफूल बाली | बागवानी अनुसन्धान महाशाखा, खुमलटार | gotame@gmail.com | ९८४३५७६३२९ |
| १० | राजुधर प्रधानाङ्ग | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि. अ. बि. | info@mfd.gov.np | ०१-४११३१९१ |
| ११ | समि कुँवर | कृषि मौसम | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना,<br>कृषि विकास मन्त्रालय | samikunwar@gmail.com | ९८५११९१९७१ |
| १२ | भोजन ढकाल | पशु विज्ञान | राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार | nickbhojan@gmail.com | ९८५१२४८५१४ |
| १३ | रामेश्वर रिमाल | कृषि मौसम | कृषि वातावरण अनुसन्धान महाशाखा, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १४ | नविन रावल | माटो विज्ञान | माटो विज्ञान महाशाखा, खुमलटार, ललितपुर | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| १५ | सञ्जय विष्ट | कीट विज्ञान | कीट विज्ञान महाशाखा, खुमलटार | sanjayabista@gmail.com | ९८५११९१३९० |
| १६ | नविन गोपाल प्रधान | तरकारी बाली | बागवानी अनुसन्धान महाशाखा, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| १७ | रुपा वास्तोला | पशु आहारा | पशु आहारा महाशाखा, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |

~§§§§§§§§§§§§§§§§§§~